# २

# पावलले पाएका सन्देश
## र चर्चको नेतृत्व गर्ने उनको अधिकार

यस अध्यायका मूल पदहरू :२ पत्रुस ३:१५,१६ ,गलाती १ ,फिलिप्पी १:१ र गलाती ५:१२।

***<u>यस अध्यायको मूल सार पद</u>*:** स्मरण गर्नुपर्ने पद :"के मानिसहरूले म असल मानिस भएको ठानोस् भनेर उक्साउन खोजिरहेको छ र? वा के मेरो मात्र हित होस् भनेर परमेश्वरले सोचोस् भन्ने चाहन्छ? के मैले मानिसहरूलाई खुशी पार्न खोजिरहेको छु र? यदि मानिसहरूलाई खुशी पार्न वा मेरो मात्र हित होस भनेर म चलिरहेको छु भने मैले ख्रीष्टको सेवा गरिरहेको हुँदिन। ***-गलाती १:१० रूपान्तरित***

**मानौं कुनै विश्वविद्यालयका विद्यार्थीहरूले क्याम्पसमा एक विषेश भवन वा भेटघाट गर्ने थलो बनाए रे। त्यसमा सबै खालका विद्यार्थीहरूलाई स्वागत गरिएको हुन्छ। ती विद्यार्थीहरू चाहे काला वा गोरा होस्, महिला वा पुरुष होस्, धनी होस् वा गरिब, छुत् जातको अछुत् जातका वा धर्म मान्ने होस् वा नमान्ने होस्। तर मानौं धेरै वर्ष पछि उपरोक्त भवन बनाउने ती विद्यार्थीहरू फर्केर आउँदा अरूले त्यस थलोलाई परिवर्तन गरिदिएको पाउँछन् रे। शान्तिसँग मिलेर हेलमेल गर्ने ठूलो कोठा अब छैन रे। तर त्यो कोठा त सानो सानो कोठामा विभाजित गरेर बिभिन्न समूहहरू छुट्टा छुट्टै बस्ने बनाइएकोरहेछ रे। को पस्न सक्छ को पस्न सक्दैन भनेर प्रत्येक कोठामा जाने नियम इबनाएको थियो। कुनै कोठा केवल एक जातिको निम्ति बनाउन पुगिएको थियो भने अर्को कोठा केवल युवा वा युवतीमात्र पस्न सक्ने बनाइएको थियो। यो परिवर्तन किन भयो भनेर पुराना विद्यार्थीहरूले ती नयाँ विद्यार्थीहरूलाई सोधे। तिनीहरूले यो तर्क प्रस्तुत गरे, "बिगतको समयमा  पनि त मानिसहरूलाई अलगै राखिएको थियो त।"**

**जब गलातीका चर्चहरूलाई पावलले पत्र लेखे उनले पनि त्यस्तै काल्पनिक अवस्थाको सामना गर्नुपरेको थियो। अन्य जातिहरूको निम्ति आफ्नो योजना तिनीहरूलाई भनेका थिए। ती अन्य जाति वा बिदेशी कहलाउनेहरू यहूदी जातका थिएनन्। केवल विश्वासको आधारमा मात्र गैर-यहूदीहरू पनि चर्चमा समावेश हुनसक्छन् भन्ने पावलको जिकिर थियो। तर चर्चमा प्रवेश गर्नुभन्दा पहिले ती गैर-यहूदीहरूको पनि खतना गर्नुपर्छ र मोसाका बिधिहरू पालन गर्नुपर्छ भनेर सिकाउने यहूदी-इसाई धर्मगुरूहरूको चुनौती पावलले**

सामना गर्नुपरेको थियो। खतना नगरिकन चर्चमा गैर यहूदीहरूलाई हुलेको कारण ती इसाई भनाउँदा यहूदीहरूले पावलप्रति आक्रामक अधीन अपनाएका थिए।

सुसमाचारको मौलिक सन्देशको मुटुमा नै ती धर्मगुरूहरूले हमला गरेको पावलले देखेका थिए। त्यसकारण उनले तमासा हेरेर बस्न चाहेनन्। येशू ख्रीष्टमा भएको विश्‍वासले मात्र हामीले उद्धार पाउँछौं भनेर सुसमाचारले सिकाउँदछ। त्यसकारण आफूमाथि गरिएको आक्रमणको प्रतिकार पावलले गरेका थिए। त्यो प्रतिकार पावलले गलातीहरूलाई लेखेका पत्रबाट गरेका थिए।

## १. गलातीहरूलाई लेखेको पत्रका लेखक पावल -२ पत्रुस ३:१५,१६

पावलले लेखेका पत्र तथा लेखहरूका विषयमा पुराना चर्चका मानिसहरूले सोचेको कुरा २ पत्रुस ३:१५,१६ ले बताउँछन्। नयाँ करारको चर्चले पावलको लेखको बारेमा के सोचेका थिए? पवित्र आत्माको प्रेरणाले कसरी काम गर्दछन् भनेर ती पदहरूले हामीलाई कसरी सिकाउँदछन्? हेर्नुहोस्: "१५ हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैं ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धि अनुसार तिमीहरूलाई यही कुरा लेखे। १६ उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन्।"

जब पावलले गलातीहरूको निम्ति पत्र लेखे तब त्यो पुरस्कृत पत्र वा कुनै सिङ्गारिएको कलात्मक लेख होस् भनेर लेखेका थिएनन्।बरू पावल र गलातीका विश्‍वासीहरूले सामना गरिरहेका केहि विषय वस्तु तथा परिस्थितिहरूलाई सम्वोधन गर्न पवित्र आत्माको अगुवाईमा उनले त्यो पत्र लेखेका थिए।

परमेश्‍वरको कामको निम्ति पावलका पत्रहरूले उल्लेखनीय भूमिका खेलेका थिए। सुसमाचार प्रचारकको हैसियतले भूमध्यसागर वरिपरिका प्रान्तहरूमा धेरै चर्चहरू पावलले स्थापना गरेका थिए। पावलले सकेको बेलामा ती चर्चहरूमा जान्थे। तर एकै ठाउँमा उनी धेरै समयसम्म रहन सकेका थिएनन्। बरू ती चर्चहरूलाई आफू नभएको बेलामा अगुवाई गर्न पावलले पत्रहरू लेखेका थिए। समय समयमा पावलका ती पत्रहरू एक चर्च पछि अर्को चर्चमा बाँडिन्थ्यो -कलस्सी ४:१६। दुर्भाग्यवस ,पावलका कतिपय पत्रहरू हराएका छन्।तर, नयाँ करारमा उनको नाउँका कमसेकम १३ पुस्तकहरू

छन्। पावलका पत्रहरू पवित्र लेखहरू थिए भनेर कतिपयले सोचेका थिए। यो धारणा माथि उल्लेखित पत्रुसको लेखबाट देखाउँदछ। चर्चको इतिहासमा पावलको सेवाले कति अधिकार जमाएको रहेछ भनेर त्यसले देखाउँछ।

परमेश्वरको प्रेरणाद्वारा उब्जिएको वचन वा बाइबलमा समावेश गर्न लेखिएको पावलका पत्रहरू पवित्र आत्माले सृजेको हुनाले उनको लेखनशैली विषेश र दुर्लभ खालको थियो भनेर कुनै समयमा कतिपय इसाई विद्वानहरूले मानेका थिए। तर जब मिश्रदेश अर्थात् इजिप्टमा मुठामा (स्क्रोल) लेखिएका पाँच लाख जति प्राचिन टुक्राहरू अक्सफोर्डका दुई जना विद्वान बर्नार्ड ग्रीनफेल र अर्थर हन्टले भेट्टाए तब पावलको लेखको बारेमा भएका धारणामा परिवर्तन आएको थियो। नदीको हिलो किनारामा पाइने नर्कट जस्तो अल्गो बिरुवाका पातहरूलाई सुकाएर कागत जस्तो बनाएको वस्तुलाई स्क्रोल भनिन्छ जसमा लेखहरू लेखिन्थे। ती पातहरूलाई पापिरस भनिन्थ्यो। बाइबलको समयमा ती पातहरू कागज ती विद्वानहरूले केवल नयाँ करारका प्रतिलिपीहरूमात्र भेट्टाएनन् , तिनीहरूले रकम चलानी बिल, करका पुर्जी, रसिद, र व्यक्तिगत पत्रहरू पनि भेट्टाएका थिए।

पावलका मौलिक लेखनशैली उनको समयमा अरू पत्र तथा पुस्तक लेखकहरूकै जस्तै साधारण शैली थियो भनेर तिनीहरूको खोज अनुसुन्धानबाट प्रमाणित गर्दछ।। ती शैलीमा देहायका भागहरू समावेश भएको पाइएको छ १ (पत्रको सुरुमा पत्र लेखकको अभिवादन र पत्र पाउनेको नाउँ) २ (धन्यवादका शब्दहरू) ३ (पत्रको मुख्य भाग र) ४ अन्तिम मन्तव्य।

संक्षिप्तमा भन्ने हो भने पावलको लेख कुनै असाधारण, अलौकिक वा पुजनीय लेखहरू नभएर उनको समयमा चलेको लोकसम्मत वा मौलिक शैलीलाई पछ्याइएको पाउँछौं। जुन शैलीमा पावलले पत्रहरू लेखे ती उनले सम्बोधन गरिएकाहरूले थाहा पाउने गरि सरल तथा प्रचलित भाषामा लेखिएका थिए।

यदि आज बाइबल लेखियो भने, त्यो कुन शैलीमा परमेश्वरले लेख्न भन्नुहुन्छ होला ताकि हामीले बर्तमान समयमा पनि बुझ्न सकौं?

## २. परमेश्वरले नियुक्ति गर्नुभएको पावल -गलाती १:१

पावलका पत्रहरू प्रायजसो बाइबलको समयमा लेखिने मौलिक तथा सरल शैलीमा लेखेका थिए। तर गलातीहरूलाई लेखेका पत्रहरूमा केहि यस्ता विशेष तत्वहरू छन् जुन पावलको अरू पत्रहरूमा पाइन्दैन। यदि अरू पत्र भन्दा पनि फरक भएका ती विशेष तत्वहरूलाई चिनियो भने पावलले कुन

**परिस्थितिलाई मध्य नजर राखेर सम्वोधन गरिरहेका थिए भनेर हामीले बुझ्न सक्छौं।**

पत्रहरूको सुरूमा गरिएको पावलका अभिवादनलाई तुलना गरेर देहायका पदहरू हेर्नुहोस् गलाती १:१ र एफिसी १:१, फिलिपी १:१सँग २ थेस्सोलोनी १:१मा गरिएका अभिवादनहरू पढ्नुहोस्। गलातीमा उल्लेख गरिएको अभिवादन र अरू पत्रहरूमा गरिएको अभिवादनमा के समानता छ? साथै के भिन्नता छ? हेर्नुहोस्ः गलाती १:१, "१ पावल ख्रीष्टको एक प्रेरित, जो मानिसहरूबाट वा कुनै मानिसद्वारा पठाइएको होइन, तर येशू ख्रीष्ट र परमेश्वर पिता, जसले उहाँलाई मृत्युबाट जीवित पार्नुभयो, उहाँबाट पठाइएको हुँ, एफिसी १:१ "१ परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट, ख्रीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरूलाईः।"फिलिप्पी १:१" १ ख्रीष्ट येशूका दासहरू पावल र तिमोथीबाट, ख्रीष्ट येशूमा फिलिप्पीमा भएका बिशपहरू र डिकनहरूसाथै सबै सन्तहरूलाईः।" र २ थेस्सोलिनिकी १:१" १पावल, सिलास र तिमोथीबाट, परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टमा थेसलोनिकीहरूको मण्डलीलाईः।"

**अरू पत्रहरूमा भन्दा गलातीको पत्रमा उल्लेख गरिएको अभिवादन लामो छ। प्रेरित हुने अधिकार उनले कहाँबाट पाएको हो भन्ने दावी पनि त्यसमा पावलले गर्छन्। पावल प्रेरित हुन्। आपोस्टल वा प्रेरित भन्ने शब्दको अर्थ “कसैलाई पठाइएको "वा “सन्देशवाहक "हो। नयाँ करारको सन्दर्भमा येशूका ती सुरूका वारह जना चेला र अरू जसले उहाँको पुनरुत्थान पछि उहाँ देखापर्दा सँगै भएका र उहाँको गवाही हुन संसारमा जान निर्देशन पाएका विशेष भक्तहरूलाई प्रेरित भनेर कहलाइएको पाउँछौं) गलाती १:१९, १ कोरन्थी १५:७। ती विशेष समूहको सदस्य आफू पनि हुँ भनेर पावलले दावी गर्दछ।**

**प्रेरित भएको आफ्नो अधिकार वा अरूलाई प्रभुतिर अगुवाई गर्ने अधिकार कुनै मानिसबाट आएको होइन भनेर पावलले कडा शब्दमा स्पष्ट पार्दछन्। गलातीमा भएका केहि यहूदी येशूभक्तहरूले पावलको प्रेरित हुने अधिकारलाई कमजोर बनाउन खोजेकोले आफ्नो पक्षमा बोल्न थालेको देखिन्छ। ती इसाई भनाउँदा यहूदीहरूले पावलको बिपक्षमा किन लागे त? चर्चमा भएका कतिपय इसाईहरूले पावलको सन्देशदेखि खुशी थिएनन्। मुक्ति भनेको येशूमा केवल विश्वास गर्दा मात्र पाइन्छ तर परम्पराका रितिथिति तथा व्यवस्थालाई पालन गरेर होइन भनेर पावलले सिकाएका थिए।पावलले सिकाएका शिक्षादीक्षा, व्यवस्था वा आज्ञापालनलाई महत्त्वहीन पारेका छन् भनेर तिनीहरूले महसुस गरेका थिए। तिनीहरूले पावललाई धेरै दुःख दिएका थिए। तिनीहरूले उनलाई धेरै चलाखीकासाथ आक्रमण गरेका थिए। पावलले प्रचार**

**गरेको सुसमाचारको आधिकारिक सन्देश उनले अगुवाई गर्ने अधिकारसँग) यूहन्ना ३:३४ (गाँसिएको थियो भनेर उनीहरूलाई थाहा थियो। त्यसकारण तिनीहरूले पावलको अधिकारप्रति आक्रामक अधीन लिएका थिए।**

**फेरि पावललाई तिनीहरूले उनी प्रेरित होइन भनेका थिएनन्। तर पावलले आफूलाई प्रेरित भनेर दावी गर्नुको खास केही अर्थ छैन भनेर तिनीहरूले तर्क गरेका थिए। पावल केवल सुसमाचार सुनाउने व्यक्तिमात्र हुन् त्यो भन्दा बेसी केही पनि होइन भनेर तिनीहरूले भनेका थिए। त्यसकारण उनले पाएका अधिकार परमेश्वरबाट नभएर उनी आफैबाट हो भनेर उनको खिलाफमा मानिसहरूलाई ती इसाई भनेर दावी गर्नेहरूले उक्साएका थिए।**

**बैरीहरूले उनलाई अवमूल्यन गरेर उनको अधिकारलाई धरापमा पार्न खोजेको खतरानक तत्वहरूप्रति पावल सचेत भएका थिए। त्यसकारण तुरन्तै उनले आफू प्रेरित हुने अधिकार परमेश्वरकै नियुक्तिबाट पाएको हो भनेर उनले जिकिर गरेका थिए।**

हाम्रो चर्चले विश्वास गरेको बाइबलको अधिकारलाई आज पनि कतिपय मानिसहरूले चुनौती दिइरहेको हामी पाउँछौं। कुन कुन तरिकाले हामीहरूले दावी गरेका बाइबलको अधिकारलाई चुनौतीहरू दिइरहेका छन् ? ती चुनौतीहरू के के हुने भनेर हामीले कसरी जान्ने? स्पष्ट रूपमा भन्ने हो भने बाइबलको अधिकारलाई प्रश्न गर्ने ती चुनौतीहरूले तपाईंको सोचाइमा कत्तिको प्रभाव पारेको छ?

## ३. पावलको सन्देश -गलाती १:१-५

आफ्नो प्रेरितको अधिकारलाई सुरक्षित गरेको कुरालाई औंल्याउँदै पावलले गलातीको पत्रको अभिवादनको सुरूमा उनले उल्लेख गरेका छन्? आफ्नो अभिवादनमा अरू के पनि उनले थप्दछन्? एफिसी १:२, फिलिप्पी १:२ र कलस्सी १:२ कसरी गलाती १:३-५ जस्तै छ? तिनीहरूमा के भिन्नता छ? हेर्नुहोस्: एफिसी १:२ "हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।", फिलिप्पी १:२ "परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।", कलस्सी १:२ "ख्रीष्टमा भएका कलस्सीका सन्तहरू र विश्वासी भाइहरूलाई: परमेश्वर हाम्रा पिताबाट अनुग्रह र शान्ति।" र साथमा गलाती १:२-६" २ म र मसँग हुने सबै भाइहरूबाट, गलातियाका मण्डलीहरूलाई: ३ परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति। ४ हाम्रा परमेश्वर र पिताको इच्छाअनुसार उहाँले यस वर्तमान दुष्ट युगबाट हामीलाई छुटकारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो। ५ परमेश्वरलाई सदासर्वदा महिमा भइरहोस्।

आमेन। ६ मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँड़ै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ।"

पावलका पत्रहरूमा धेरै विशेषताहरू छन्। पत्रको सुरुको अभिवादनमा "अनुग्रह "र "शान्तिलाई जोड्ने चलन पावलको पत्र लेखाइशैलीको एक विशेषता हो। यो शैली ग्रीक तथा गैर-यहूदी संसारका मानिसहरूले लेखिने पत्रको शैली भन्दा केहि हदसम्म फरक छ। उदाहरणमा ग्रीकले आफ्नो पत्रको सुरूमा "अभिवादन) "chairein चेरिन् अर्थात् नमस्ते (भनेर लेख्दछन् भने पावलले "अनुग्रह "भनेर सुरू गर्दछन् (गलाती १:३)। यो शब्द ग्रीक "चेरिस) "charis) जस्तै छ। तर त्यो फरक छ। अनि यसमा यहूदीले पत्रको सुरूमा रच्ने अभिवादनमा जस्तै पावलले "शान्ति" पनि थप्दछन्।

**पत्रको सुरूमा ती दुई शब्दहरू अर्थात् "अनुग्रह "र "शान्तिलाई जोड्ने चलन केवल मानिएको औपचारिकता पूरा गर्न वा शिष्ट हुनको लागि मात्र होइन। बरू पत्रको सुरूमै पावलले सुसमाचारको सन्देशलाई ती दुई शब्दहरूले वयान गरेको पाइन्छ। खास गरि भन्ने हो भने, ती दुई शब्दहरू नयाँ करारका अरू लेखकहरूले भन्दा पावलले धेरै प्रयोग गरेको पाइन्छ। याद गर्नुहोस् , अनुग्रह र शान्ति पावलबाट होइन तर परमपिता परमेश्वर पिता र येशू ख्रिष्टबाट आउँदछन्।**

गलाती १:१-६मा पावलले सुसमाचारको कुन् भागहरूलाई उल्लेख गरेको पाइन्छ?

**सुसमाचारको स्वभावलाई अघि सार्न सुरूको आफ्नो अभिवादनमा अलिकति खाली ठाउँ पावलले राखेको पाइन्छ। तर सुसमाचारको आधारभूत सन्देशको मुटुलाई पावलले केवल केहि छोटो पदहरूले वर्णन गर्दछन्। सुसमाचारमा कुन मूल सत्य सारमा आधारित छ त ? अर्थात् सुसमाचारले केन्द्रित गरेको सत्य के हो त? ख्रीष्टले क्रुसको मृत्युमा र पुनरुत्थानमा हाम्रो निम्ति के गर्नुभयो त्यसैमा सुसमाचार पूर्ण रूपमा भर पर्दछ भनेर पावलले आफ्नो तर्क स्पष्ट पार्दछ। हामीले हाम्रो निम्ति कुनै पनि कामद्वारा मुक्ति आर्जन गर्न सक्दैनौं तर येशूको मृत्यु र पुनरुत्थानद्वारा मुक्ति प्राप्त गर्न सक्छौं। उहाँले पाप र मृत्युको शक्तिलाई तोड्नुभएको थियो। येशूका ती कार्यहरूले उहाँका अनुयायीहरूलाई दुष्टको शक्तिबाट स्वतन्त्र गर्दछ। त्यो सैतानको शक्तिले कतिपय मानव जातिलाई भय र दासत्वमा राखेको हुन्छ। पापले धेरै मानिसहरूलाई दास बनाइरहेको छ।**

**अनुग्रह र शान्तिको अचम्म सन्देश जुन परमेश्वरले हाम्रो निम्ति येशूमा सृष्टि गर्नुभएको थियो ,त्यसको बारेमा पावलले होसियारसाथ सोचिरहेको हामी**

पाउँछौं। त्यसले गर्दा पावल अत्यन्त भावविभोर भएर परमेश्वरको स्तुतिलाई आफ्नो मुखबाट बिस्फोट गरेर आभार व्यक्त गरेको गलाती १:५मा पाउँछौं।

तपाईंहरू आफैले बुझेको अनुसार सुसमाचार के हो सो लेख्नुहोस्। पावलले गलाती १:१-५मा उल्लेख गरेका सुसमाचारको सन्देशलाई भन्दा बढि तपाईंले आफ्नो शब्दहरूमा प्रयोग गर्नुहोस्। ती शब्दहरूलाई आफ्ना विश्वासीहरूलाई पनि बाँड्नुहोस्।

## ४. अरू कुनै सुसमाचार छैन -गलाती १:६-९

पावलले प्रायजसो आफ्नो पत्र कसरी सुरू गर्छन् भनेर देहायका पदहरूमा उल्लेख गरिएको छ। धेरै जसो आफ्नो पत्रको सुरूको अभिवादन पछि के लेख्ने चलन छ त्यो पनि ती पदहरूले देखाउँछ। तर अरू पत्रहरू भन्दा अभिवादनपछि फरक शब्दहरू प्रयोग गरेको गलातीको पत्रमा हामी पाउँछौं। हेर्नुहोस गलाती १:६ सँग देहायका पदहरू :रोमी १:८ " सर्वप्रथम, म मेरा परमेश्वरलाई येशू ख्रीष्टद्वारा तिमीहरू सबैका निम्ति धन्यवाद चढ़ाउँछु, किनकि तिमीहरूका विश्वासको कुरा सारा संसारमा प्रचार भएको छ।", १ कोरन्थी १:४ "ख्रीष्ट येशूमा तिमीहरूलाई दिइएका परमेश्वरका अनुग्रहको कारण तिमीहरूका निम्ति म परमेश्वरमा सधैं धन्यवाद चढ़ाउँछु।", फिलिप्पी १:३ "तिमीहरूप्रतिका मेरा सबै सम्झनामा म मेरा परमेश्वरलाई धन्यवाद दिन्छु" र १ थेस्सोलोनी १:२ "हाम्रा प्रार्थनाहरूमा तिमीहरूको निरन्तर स्मरण गर्दै हामी परमेश्वरलाई तिमीहरू सबैका निम्ति धन्यवाद दिन्छु।" तर गलाती १:६ "मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँड़ै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ।"

**चर्चहरूले सामना गरिएका विभिन्न खालका विषयवस्तु र समस्याहरूलाई सम्वोधन गरेर ती चर्चहरूलाई पावलले पत्र लेखेको हामी पाउँछौं। उनका पाठकहरूको परमेश्वरप्रतिको विश्वासको कदर गर्दै परमेश्वरलाई प्रार्थना वा धन्यवाद दिंदै पावलले प्रायजसो आफ्नो पत्रको सुरू गर्ने बानी बसालेको देखिन्छ। कोरन्थीका चर्चका सदस्यहरूले विभिन्न पापहरूसँग संघर्ष गरिरहेका थिए। (हेर्नुहोस् :१ कोरन्थी १:४ र ५:१)। गलातीका चर्चहरूमा भएका समस्याहरू यस्ता जटिल, गोलमाल र चिन्ताग्रष्ट थियो कि पावलले परमेश्वरलाई धन्यवाद दिने शब्दहरू प्रयोग गर्ने आदतलाई उनले छोड्छन्। बरू जुन जल्दोवल्दो विषयवस्तु हो त्यसैलाई सिधै सम्वोधन गर्दै उनले आफ्नो पत्र सुरू गर्दछन्।**

गलातीमा के भइरहेको छ त्यसप्रति उनी कत्तिको चिन्तित भएका थिए भनेर देखाउँदै पावलले आफ्नो पत्रमा कस्तो कडा शब्दहरू प्रयोग गर्दछन् ?

हेर्नुहोस् :गलाती १:६–९" ६ मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँड़ै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ। ७ वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोहीकोही छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन्। ८ हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि त्यो व्यक्ति श्रापित होस्। ९ हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरीत अरू कसैले तिमीहरूलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्।" र गलाती ५:१२ "तिमीहरूलाई विचलित पार्नेहरूले त बरु आफ्नो अङ्ग नै काटे पनि हुने।"

**गलातीका विश्वासीहरूको विरोधमा आरोप तथा गुनासो पोख्याउन पावलले कतिपनि नहिच्चिकिच्याएको देखिन्छ। आफूलाई इसाई त भन्ने तर त्यस गरिमामय नाउँलाई धोका दिने काम ती गलातीका विश्‍वासीहरूले गरिरहेका थिए भनेर उनीहरूको दोषलाई पावलले भण्डाफोर गर्दछन्। "येशूको विश्‍वासलाई यति चाँडो त्याग्यो "भनेर दुःख पोखाउँदै प्रयोग गरिएको "त्याग्यो "शब्द त्यहि शब्द हो जब लडाईंमा सिपाहींले देशप्रति आफ्नो कर्तव्य र बफादारीलाई छोडेर आफ्नो पल्टनबाट भाग्दछ।आत्मिक रूपमा हेर्ने हो भने गलातीहरू परमेश्‍वरलाई त्यागेर आफ्नो विश्‍वासघाती वा निमकहराम चरित्र देखाइरहेका छन् भनेर पावलले स्पष्ट रूपमा भनीरहेको देखिन्छ।**

बप्तिस्मा पनि लिए होलान् ,चर्चमा पनि गइरहेका होलान्, इसाई भनेर दावी पनि गरिरहेका होलान्  गलातीका नकावधारी इसाईहरूले सुसमाचारलाई कसरी त्यागी रहेकाछन् भनेर पावलले गुनासो व्यक्त गर्दछन्? एक भन्दा बेसी सुसमाचारहरू वा मुक्तिका उपायहरू छन् भनेर पावलले भनेका छैनन्। चर्चमै झूठा इसाई धर्मगुरू वा स्पष्टमा भन्ने हो भने पास्टरहरू छन् भनेर पावलले औंल्याउँछन्।येशूलाई विश्‍वास गर्न धेरै अरू सुसमाचारहरू छन् भनेर पावलले भनिरहेको छैन।चर्चमा कतिपय अगुवाहरूले मुक्ति पाउन केवल येशूलाई विश्‍वास गरेर मात्र पुग्दैन भनेर सिकाइरहेका थिए) प्रेरित १५:१–५। तिनीहरूको शिक्षादेखि तिनीहरूसँग पावल क्रुद्ध भएका थिए। यदि कसैले फरक सुसमाचार सिकाउँदछ त्यो व्यक्ति परमेश्‍वरको श्रापमा आओस् भनेर पावलले आशा व्यक्त गर्दछन्) गलाती १:८। विश्‍वासीहरूलाई भड्काउने धर्मगुरूहरूदेखि उनी कति रिसाएका थिए भनेर उनले दुई पटक भन्दछन् -गलाती १:९।

आज पनि हाम्रै चर्चमा कतिपयले भन्दछन् धार्मिक शिक्षादीक्षा अर्थात् चर्चका शिद्धान्तहरू भन्दा हामीले जे गर्छौं त्यो महत्त्वपूर्ण हुन्छ। परमेश्‍वरसँग भावनात्मक सम्वन्ध भए पुगि हाल्छ नि, किन चर्च तथा बाइबलले सिकाएका कुराहरूलाई पालन गर्नुपर्छ भनेर परमेश्‍वरको वचनप्रति गम्भीर नहुन

मुकुन्डोधारी इसाईहरू छ्यापछ्यासि पाइन्छन्। हो, परमेश्वरसँग भावनात्मक सम्वन्ध वा आत्मियता सम्वन्ध अत्यन्त महत्त्वपूर्ण छन् तर त्यो सम्वन्ध कतिको उचित सम्वन्ध छ भनेर थाहा पाउन केवल उचित धार्मिक आत्मज्ञानले मात्र मूल्याङ्कन गर्न सक्दछ भनेर पावलले गलातीको पुस्तकमा जिकिर गर्दछन्।

## ५. पावलले सिकाएका सुसमाचारको स्रोत -गलाती १:११-२४

मानिसहरूबाट प्रशंसा पाउन वा आफ्नो भाऊ बढाउन पावलले आफ्नै खालका सुसमाचार लेखिरहेका थिए भनेर पावलप्रति डाहा गर्नेहरू वा उनलाई दुःख दिने गलातीका इसाई भनाउँदाहरूले आरोप लगाएका थिए। गलाती १:६-९ र ११-२४ पदहरू ध्यानपूर्वक पढ्नुहोस्। यदि अरू मानिसले पावललाई राम्रो ठानेको मात्र चाहने उनको नियत थियो भने उनले आफ्ना पत्रहरू कस्तो फरक ढङ्गले लेख्थे होलान्? हेर्नुहोस् गलाती १:६-२४" ६
मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँड़ै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ। ७ वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोहीकोही छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन्। ८ हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि त्यो व्यक्ति श्रापित होस्। ९
हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरीत अरू कसैले तिमीहरूलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्। १० के म मानिसहरूको निगाह खोज्दैछु, कि परमेश्वरको? अथवा के मैले मानिसहरूलाई खुशी पार्न खोज्दैछु? यदि मैले अझै मानिसहरूलाई खुशी पार्न कोसिस गरेको भए म ख्रीष्टको दास हुनेथिइनँ। ११
भाइ हो, तिमीहरूले यो जान भन्ने म चाहन्छु, कि मैले प्रचार गरेको सुसमाचार मानिसको सुसमाचार होइन। १२ किनकि मैले यो कुनै मानिसबाट पाएको होइनँ, न मलाई यो सिकाइएको थियो, तर येशू ख्रीष्टको प्रकाशद्वारा मैले यो पाएको हुँ। १३ यहूदी धर्ममा छँदा मेरो अघिको जीवनको विषयमा तिमीहरूले सुनेका छौ, कसरी मैले परमेश्वरको मण्डलीलाई भयानक रूपले सताएँ, र त्यसलाई नाश गर्न खोजें। १४ हाम्रा जातिमा, मेरा दौंतरकाहरू धेरैलाई उछिनेर म यहूदी धर्ममा अगि बढ़ेको थिएँ, र मेरा पिता-पुर्खाको परम्परामा म ज्यादै जोशिलो थिएँ। १५ तर, मेरो जन्म हुन अघि नै मलाई अलग गर्नुहुने, र आफ्नो अनुग्रहद्वारा मलाई बोलाउनुहुने परमेश्वरलाई, १६ जब अन्यजातिहरूका बीचमा उहाँको प्रचार गर्नलाई आफ्ना पुत्र ममा प्रकट गराउन उहाँलाई खुशी लाग्यो, तब मैले कुनै मानिससँग केही सल्लाह लिइनँ, १७ न त मभन्दा अघि प्रेरित हुनेहरूकहाँ म यरूशलेममा गएँ, तर तुरुन्तै अरब देशमा गएँ, र पछि

दमस्कसमा फर्केर आएँ। १८ तब तीन वर्षपछि केफाससँग भेट गर्न म यरूशलेम गएँ, र उनीसँग पन्ध्र दिनसम्म बसें।१९ तर प्रभुका भाइ याकूबलाई बाहेक अरू कुनै प्रेरितलाई मैले भेटिनँ।२० परमेश्वरको सामु म तिमीहरूलाई विश्वास दिलाउन चाहन्छु, कि म जे लेख्तछु त्यो झूटो होइन। २१ त्यसपछि म सिरिया र किलिकियाका इलाकातिर गएँ। २२ त्यतिञ्जेल यहूदियाका ख्रीष्टका मण्डलीहरूले मेरो मुख देखेका थिएनन्। २३ तिनीहरूले यतिसम्म मात्र सुनेका थिए, "अघि हामीहरूलाई सताउने मानिसले जुन विश्वास नाश गर्न खोजेको थियो, अहिले त्यसले त्यही विश्वास प्रचार गरिरहेछ।" २४ तिनीहरूले मेरो कारण परमेश्वरलाई महिमा दिए।"

गैर-यहूदीहरूले येशूलाई ग्रहण गर्दा खतनाको बिधिको आवश्यक छैन भनेर पावलले किन भनेका थिए? जसरी भएपनि धेरै मानिसहरूलाई इसाई बनाएर चर्चमा भित्राउने पावलको नियत भएकोले त्यस्तो प्रचार उनले गरेका हुन् भनेर उनका बिरोधीहरूले दावी गरेका थिए। बाइबलको सत्य ज्ञानलाई सिकाउनु भन्दा चर्चमा मानिसहरूको संख्या बनाउने पावलको चासो थियो भनेर तिनीहरूले उनलाई आरोप लगाएका थिए। पावललाई थाहा थियो कि गैर-यहूदी वा अन्य जातिहरूले खतना गर्न चाहन्दैनन्। त्यसैकारण अन्य जातिहरूले खतनको आवश्यकता छैन भनेर पावलले सिकाउँछन् भनेर उनका शत्रुहरूले सोचेका थिए। यसको अर्थ, पावल त मानिसहरूलाई खुशी पार्न र जसरी भए पनि धेरै इसाई बनाएर जस लिने मानिस हुन् भनेर ती शत्रुहरूले उनलाई आरोप लगाएका थिए !उनका शत्रुहरूको आक्रमणलाई प्रतिकार गर्न कडा शब्द प्रयोग गरि तिनीहरूको सामना गरेको गलाती १:८,९मा हामी पढ्न सक्दछौं। अरू मानिसहरूले उनको हित खोजेको उनी चाहन्छन् भन्ने उनको उद्देष्य कदापी थिएन भनेर ती पदहरूले स्पष्ट पार्दछ। यदि मानिसहरूले उनलाई कस्तो असल मानिस रहेछ भनोस् भन्ने उनको नियत भएको भए ती कडा शब्दहरूको सट्टा पावलले अर्कै शब्दहरू प्रयोग गर्थे होलान्।

मानिस वा व्यक्ति विशेषलाई खुशी पार्न चाहनेले येशू ख्रीष्टको पछि लाग्न असम्भव छ भनेर पावलले किन भन्दछन्?

सिधै परमेश्वरबाट सुसमाचार ,त्यसको प्रचार गर्ने र अगुवाइ गर्ने अधिकार आफूले पाएको हो भनेर दृढतापूर्वक पावलले पद ११ र १२मा भन्दछन्। पद १३-२४मा आफ्नो धारणालाई पावलले कसरी पुष्टि गर्दछन्?

येशूलाई ग्रहण गर्नु भन्दा अघि उनको जीवन कस्तो थियो )पद १३,१४ (ग्रहण गरेपछि कस्तो भयो) पद १५,१६ (र पछि के भयो ) पद १६-२४ (भनेर पावलले आफ्नो जीवन कहानी सुनाउँछन्। पावलका जीवनमा घटेका ती परिस्थितिहरूको प्रत्येक अवस्थाको वरिपरि हेर्दा उनको सुसमाचार

परमेश्वरबाट बाहेक अरूबाट पाएको हो भनेर दावी गर्नु असम्भव छ भनेर पावलले जिकिर गर्दछन्। उनले पाएका सन्देश कहाँबाट आएको हो भनेर शङ्का गरेर उनको सन्देशलाई बेइज्जत गर्ने मौका कसैलाई नदिने पावलको प्रतिवद्धता थियो। उनलाई थाहा थियो कि उनलाई के भयो। के सिकाउनको निम्ति परमेश्वरले उनलाई खताउनुभएको थियो भनेर पनि उनलाई थाहा थियो। जसले जे गरेपनि वा भने पनि जतिसुकै गाह्रो भएतापनि आफूले पाएको जिम्मेवारीबाट पछि नहट्ने पावलको प्रण थियो।

येशू ख्रीष्टको सेवा गर्न तपाईंलाई बोलाइएको हो भनेर तपाईं कत्तिको निश्चित हुनुहुन् ?परमेश्वरले तपाईंलाई के काम गर्न बोलाउनुभएको हो भनेर भित्री हृदयदेखि कसरी थाहा पाउने ?फेरि त्यसै वखत तपाईंलाई परमेश्वरले बोलाउनुभएको हो भनेर निश्चय भएतापनि अरूको सरसल्लाहलाई सुन्नु पर्छ भन्ने कुरामा किन पछि पर्नुहुन्न?

## उपसंहारः

थप जानकारीः "(प्रारम्भिक इसाई इतिहासमा (स्थापना भएको प्रायजसो सबै चर्चमा कोहि न कोहि जन्मैदेखि यहूदी थिए। यहूदी धर्मगुरूहरूले ती यहूदीबाट इसाई हुनेहरूलाई यहूदी रितिथिति सिकाउन सजिलो भएको थियो। तिनीहरूबाटै ती धर्मगुरूहरूले चर्चमा आफ्ना अधिकार बसाउन सकेका थिए। पावलले सिकाएको शिक्षादीक्षालाई बाइबललाई आधार बनाउँदै बादबिवाद गरेर उनलाई कमजोर बनाउन असम्भव थियो। त्यसकारण ती नकावधारी यहूदी-इसाई धर्मगुरूहरूले पावलको प्रभाव र अधिकारलाई मत्थर तथा कमजोर पार्न कपट तथा बेइमान उपायहरू प्रयोग गरेका थिए। कतिपयले भनेका थिए कि पावल त येशूसँग रहेर बाऱ्ह जनामा एक जना चेला भएका थिएनन्। तत्कालीन चेलाहरू भनेको येशू संसारमा हुँदा उहाँलाई पछ्याउने प्रेरितहरू हुन्। त्यसकारण येशूबाट उनलाई प्रचार गर्न कुनै आदेश र अधिकार दिइएको छैन। अरू चेलाहरूको शिक्षाको बिरुद्धमा पावलले विभिन्न विषयबस्तुहरू सिकाउन निर्णय गरेका छन् भनेर कतिपयले उनको बिरुद्धमा तर्क गरेका थिए।

"सुसमाचारको सरलतामा विश्वास गर्दै येशूको भक्त बनेर चर्चमा आएका विश्वासीहरूलाई ती नकावधारी इसाईहरूले उनीहरूको विश्वासलाई जालसाजीबाट नास गर्न खोजेकोमा पावल अत्यन्त चिन्तित भएका थिए। धर्मलाई अस्त्रको रूपमा लिएर गलातीमा रहेका गैर-यहूदी इसाईहरूको विश्वासलाई अलमलमा पार्ने नकावधारी इसाई धर्मगुरूहरूलाई प्रतिकार गर्न पावलले झट्टै पत्र लेखेका थिए। पावलले ती यहूदी तथा यहूदी-इसाईहरूको गलत तर्कहरूको भण्डाफोर गरेका थिए र तिनीहरूको बहकावमा लागेर

**आस्थालाई त्यागेकाहरूलाई उनले झपारेका थिए।"-एलेन जी ह्वाइट ,स्केचेस फ्रम द लाइफ अभ पावल ,पृ. १८८ ,१८९बाट रूपान्तरित।**

**चिन्तनमननः**

अ. गलातीहरूलाई पावलले गरेका अभिवादन फेरि पढ्नुहोस्। येशूको मृत्यु अत्यन्त महत्त्वपूर्ण काम गर्न भएको थियो भनेर उनले ती पदहरूमा भन्दछन्। त्यो कारण के हो? र बर्तमान समयमा त्यो कारण हामीहरूको निम्ति कतिको अर्थपूर्ण छ?

आ. यहूदीहरूको धर्म र परम्परालाई सुरक्षित राख्न र त्यसको खिलाफमा जानेलाई भौतिक कार्वाही गर्न आफू अत्यन्त जागरुत भएको थियो भनेर पावलले गलाती १:१४मा उल्लेख गर्दछन्। यहूदी धर्म गुरू फरिसी पण्डितहरूका शिक्षाहरू भनेर उनले लक्षित गरेको हुनुपर्छ। यहूदी कट्टर धार्मिक समूहको सदस्यलाई पण्डित फरिसीको उपाधि दिइन्थ्यो। तिनीहरूले यहूदी धर्मका रितिथिति तथा व्यवस्थालाई कडाइकासथा पालन गर्थे। हामीहरूको आस्थामा कुन् रितिथिति वा परम्परा छ? बाइबलको सत्यताको अगाडि परम्परालाई नमान्दा पावललाई के भएको थियो र उनको अनुभवले हामीलाई कसरी सतर्क गराउँछ?

इ. आफूले प्रचार गरेको शिक्षादीक्षा र आफूले अपनाएको कामसँग सहमत नहुने वा विश्वास नगर्ने मानिससँग सहमन नहुने अधीन पावलले किन लिन खोजेको देखिन्छ? उनले सिकाएका सुसमाचार भन्दा फरक सुसमाचार सिकाउनेहरूको बारेमा पावलले के लेखेका थिए सो फेरि पढ्नुहोस्। आजको चर्चमा पावलको जस्तो कडा दृष्टिकोण लिनेलाई अरूले कस्तो सोच्दछन् होला?

**सारांश**

गलाती प्रान्तमा नकावधारी इसाई धर्मगुरूहरूले पावलको सेवाकार्यलाई तहसनहस तथा नाश गर्न खोजेका थिए। पावलले पाएका प्रेरितिय अधिकार र सुसमाचार परमेश्वरबाट होइन भनेर तिनीहरूले दावी गर्दै उनको खिलाफमा प्रचार गरेका थिए। ती दुवै चुनौतीको प्रतिकार पावलले गरेको गलातीहरूलाई पत्रको सुरूमा पाउँछौं। ती चुनौतीलाई उनले कसरी प्रतिकार गरे भनेर त्यस पत्रको सुरूको केहि पदहरूले देखाउँदछन्। मुक्तिको निम्ति एउटै मात्र बाटो छ भनेर निडर तथा प्रतिवद्धतासाथ पावलले घोषणा गर्दछन्। जुन घट्नाक्रमले उनको आस्था परिवर्तन भएर येशूको पछि लाग्न थालियो त्यसले नै उनको बोलाहट र सुसमाचार परमेश्वरबाटै नै हो भनेर पावलले जिकिर गर्दछन्।

भाग २

# नदीबाट उद्धार

त्यसबेला वातावरण तनावपूर्ण भएको थियो। कतिपय गुण्डाहरूले बप्तिस्मा लिनेहरूलाई लठ्ठीले कुट्ने धम्की दिइरहेका थिए। हाम्रो गाउँमा इसाईहरू भएको चाहँदैनौं," एक जनाले चिच्याउँदै थियो, हामीहरूको आफ्नै देवीदेवताहरू छन् र सबैले हामीहरूकै चाहना अनुसार पूजा गरेको चाहन्छौं। ती इसाई धर्म सिकाउनेहरू हाम्रो गाउँमा आएको हामीलाई मनपर्दैन। हामीहरू हाम्रो पूर्खाकै धर्म मान्छौं।"

आज बप्तिस्मा हुँदैन होला। सायद हामी अर्को दिन फर्कनुपर्छ होला" एक जना पास्टरले अर्कोलाई भने।

अनि त्यतिकै बेला एक जना युवतीले रिसाउँदै जम्मा भएरहेको हुललाई केही भनिरहेको ती पास्टरहरूले सुने। ती युवती रबेका टुडु थिइन् जो बप्तिस्माको निम्ति आएकी थिइन्। उनले चिच्याउँदै भनिन् "कसैले मलाई बप्तिस्मा लिनबाट रोक्न सक्दैनन्। हामी स्वतन्त्र देशमा छौं। हामीलाई जुन परमेश्वर मनपर्छ त्यसकै आराधना गर्नेछौं। मैले येशूलाई चुनें। तपाईंहरूलाई मन परोस् वा मन नपरोस्, आज म बप्तिस्मा लिन लिन्छु।" ती कुराहरू भनिसकेपछि उनी त्यही हुलबाट गएर बप्तिस्मा लिने हलमा पुगिन्। कसैले पनि उनलाई रोक्न सकेन। उनी सुरो भएको कारणले अरू १५ जना बप्तिस्मा लिनेहरू पनि उनकै पछि लागे।

त्यस दिन रिसले जुरमुरिएर बसेका गाउँलेहरू सामु १६ जनाले बप्तिस्मा लिए। रेबेकाको सुरोपनले गर्दा अरू विश्वासीहरू पनि निडर भएर येशूको पक्षमा उभिए।

त्यसदिन बेन्जामिनले पनि बप्तिस्मा लिएका थिए। उनको बप्तिस्माको दिन उनको जीवनमा अर्को अचम्मको काम भयो। बप्तिस्मा हुनुभन्दा अघि उनको आँखा एकदम धमिलो थियो र उसलाई हेर्न मुस्किल हुन्थ्यो। तर बप्तिस्मा पछि उनको आँखामा सुधार भयो। अब उनले सजिलैसँग बाइबल पढ्न सक्छन्।

दुई पल्ट परमेश्वरले मलाई उहाँको माया देखाउनुभयो। परमेश्वर जीवित हुनुहुन्छ र मेरो प्रार्थना सुन्नुहुन्छ भन्ने कुरामा मलाई केही शङ्का छैन।" बेन्जामिनले आफ्नो गवाही दिन्छन्। आफ्नो गाउँमा र गाउँका वरिपरि

रहेका मानिसहरूलाई परमेश्वरले उनलाई कसरी सहयोग गर्नुभयो भनेर गवाही द्दै प्रायजसो आफ्नो समय बिताउँछन्।

बप्तिस्मा लिएको एक हप्ता पछि रेबेका आफ्नो गाउँमा फर्किन्छिन् र केही हप्ताहरूमा आफूले सिकेका कुरा आफ्ना आमाबाबुलाई सुनाइन्। आफ्नो हृदयमा लुकाइराखेका बाइबलबाट सत्य आत्मज्ञानहरू आफ्ना बुबाआमालाई सुनाउँछिन् आफूले बप्तिस्मा लिएको दिनमा के भयो सो कुरा सुनाउँछिन्। उनका आमाबाबुले पनि येशूको बारेमा सुन्न चाहे र ती पास्टरहरूलाई गाउँमा बोलाउनु धि रेबेकालाई अऱ्हाए।

ती पास्टरहरू आए रेबेकाका बुबाआमालाई धेरै हप्तासम्म बाइबलको बारेमा सिकाए। एक दिन खुशीको दिनमा रेबेका आफ्ना बुबाआमासँग नदीको किनारमा उभिइन् र उनको बुबाआमाले बप्तिस्मा लिएको रमाइलो मानेर हेरिरहिन्। उनका दुई दाजुहरूले पनि येशूलाई ग्रहण गरे। तिनीहरूसँग गाउँका अरू मानिसहरूले पनि बप्तिस्मा लिए।

(यस कथाको लेखक सी. एस मरान्डी हुन् जो भारतको राँची, बिहार राज्यको सेभेन्थडे एडभेन्टिस्ट चर्च निकायको अध्यक्ष थिए। उनी अहिले अवसकासमा रहेका छन्)।